# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२/०८३
च.नं. : 9043
E-mail: sabailamun@gmail.com


मितिः २०८३।०१।०९

विषय : छात्रवृत्तिको सूचना अद्यावधिक गर्ने सम्वन्धमा।

श्री संस्थागत विद्यालयहरु सवै
सवैला नगरपालिका, धनुषा।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं. ३८४ मिति २०८३।०१।०७ को पत्रसाथ संलग्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.४४५ मिति २०८२।१२।३० को पत्रानुसार तहाँ विद्यालयले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ को दफा २७ को उपदफा ३ मा उल्लेख भए अनुसार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको कक्षागत नामावली सहितको विवरणको एक प्रति ७ (सात) दिनभित्र यस कार्यालयमा पेस गर्नुहुन र सो को विवरण विद्यालयको IEMIS मा तत्काल अद्यावधिक गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी सार्वजनिक गर्नुहुन निर्देशानुसार अनुरोध छ।

बोधार्थः
श्री सूचना प्रविधि शाखाः कार्यालयको वेबसाइटमा अपलोड गर्नुहुन।

खिम वहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३८४

मिति: २०८३/०१/०७

नेपाल संवत् ११४६

विषयः छात्रवृतिको सूचना अद्यावधिक गर्ने सम्बन्धमा।

श्री गाउँपालिका सवै,
श्री नगरपालिका सवै।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखाको प.सं. २०८२/०८३, च.नं. ४४५, मिति २०८२/१२/३० को छात्रवृतिको सूचना अद्यावधिक गर्ने सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थ:
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सवैला नगर पालिका कार्यालय
दर्ता नं ९८८
मिति २०८३/०१/०५

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

Scanned with CamScanner

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

सिंहदरबार,

काठमाडौं नेपाल ।

पत्र संख्या:- ०८२।८३

चलानी नं.:- ४४४

मिति: २०८२।१२।३०

ने.स. ११४६

विषय: समन्वय एवं सहजिकरण सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा ३ मा उल्लेख भए अनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने भन्ने व्यवस्था भएको र शिक्षा नियमावली, २०५९ को नियम १५१ को उपनियम २ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघटाई गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था अनुसार सम्पुर्ण विद्यालयहरुले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारण गरिएको छनौट विधिबाट छनौट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली IEMIS मा तत्काल अध्यावधिक गर्ने, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पुर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयहरुले सार्वजनिक गर्ने, विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयहरुलाई तत्काल अद्यावधिक गर्न लगाउने साथै विद्यालयहरुले प्रदान गरेको छात्रवृत्ति सम्बन्धित विद्यार्थीले प्राप्त गरेको/नगरेको सम्बन्धमा अनुगमन गरी छात्रवृत्ति प्रदान नगर्ने विद्यालयहरुलाई कानुन बमोजिम आवश्यक कारवाही गर्न सम्पुर्ण स्थानीय तहहरुलाई समन्वय एवं सहजिकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

बोधार्थ:

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।

कृष्णचन्द्र पोखेल

उपसचिव

फोन नं.:

वेबसाइट : www.moest.gov.np

CS Scanned with CamScanner